भोटेकोशी गाउँपालिका
फुल्पिङकट्टी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

(अठारौं बैठक)

आज मिति २०८० असार १ गतेका दिन यस भोटेकोशी गाउँपालिका, गाउँ कार्यपालिकाका अध्यक्ष **श्री पासाङ नुर्पु शेर्पा** ज्यूको अध्यक्षता तथा तपसिलका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहायका विषयमा छलफल गरी निर्णय गरियो ।

<u>उपस्थिति :</u>

१. अध्यक्ष : श्री पासाङ नुर्पु शेर्पा
२. सदस्य : श्री दिछेन शेर्पा
३. सदस्य : श्री साङवु लामा
४. सदस्य : श्री कुमार श्रेष्ठ
५. सदस्य : श्री निमा सोना शेर्पा
६. सदस्य : श्री टासी शेर्पा
७. सदस्य : श्री दावा त्यम्वा तामाङ
८. सदस्य : श्री आङ छिरिङ शेर्पा
९. सदस्य : श्री बच्चु धतानी
१०. सदस्य : श्री जमुना थामी
११. सदस्य : श्री पम्फा वि.क.
१२. सदस्य : श्री रुपा रिमाल लाम्गाते
१३. सदस्य : श्री निमि शेर्पा
१४. सदस्य सचिव : श्री भद्र बहादुर बस्नेत (प्र.प्र.अ)

<u>आमन्त्रित/सहयोगी कर्मचारीहरु :</u>

- श्री नवराज खत्री (शाखा अधिकृत)
- श्री तेज प्रसाद ढकाल प्रो. अधिकृत
- श्री विनोद कुमार [illegible], शिक्षा अधिकृत
- श्री भवानी प्रसाद मिश्र, लेखा अधिकृत
- श्री भुपेन्द्र लाल श्रेष्ठ – स्वास्थ्य शाखा
- श्री पुष्प प्रसाद पराजुली, प्रशासन शाखा
- श्री गंगा सागर पौडेल, I.T शाखा
- श्री सम्झना कार्की, आर्थिक शाखा
- श्री पेम्बा तामाङ, रोजगार संयोजक

प्रस्तावहरु :

१. विषयगत समितिहरुबाट प्राप्त कार्यक्रम स्वीकृत सम्बन्धमा ।

२. वडागत बजेट सिलिङ्ग सम्बन्धमा

३. प्रधानमन्त्रि रोजगार अन्तर्गत संचालित योजनाहरु अनुमोदन सम्बन्धमा ।

४. प्रशासकीय भवन कम्पाउण्डमा ढुङ्गा बिछ्याउने सम्बन्धमा ।

५. विपद सम्बन्धि कार्य योजना तथा कार्यविधि पारित सम्बन्धमा

६. विविध सम्बन्धमा

निर्णयहरु

१. यस गाउँपालिकाको विषयगत समिति तथा विषयगत शाखाबाट छनौट भई पेश भएका तपसिल बमोजिमको बजेट तथा कार्यक्रम/योजनाहरु आ.ब. २०८०/०८१ को बजेट तथा कार्यक्रममा समावेश गर्ने निर्णय गरियो ।

२. आ.ब. २०८०/०८१ को वडागत योजनाहरु छनौटको लागि यस गाउँपालिकाको वडाहरुलाई तपसिल बमोजिमको वडागत बजेट सिलिङ्ग दिने र सोही बजेट सिलिङ्ग भित्र रही योजनाहरु छनौट गर्नु पर्ने साथै योजनाहरु छनौट गर्दा कम्तीमा रु ५ लाख वा सो भन्दा ठुला मात्र छनौट गर्ने निर्णय गरियो ।

तपसिल :

| वडा नं. | बजेट सिलिङ्ग (रु मा) | अक्षेरमा | कैफियत |
|---|---|---|---|
| वडा नं. १, लिस्तिकोट | १२०००००० | एक करोड बीस लाख मात्र | |
| वडा नं. २, तातोपानी | ८०००००० | असी लाख मात्र | |
| वडा नं. ३, दुगुना | ८०००००० | असी लाख मात्र | |
| वडा नं. ४, फुल्पिङकट्टी | ८०००००० | असी लाख मात्र | |
| वडा नं. ५, मार्मिङ | ८०००००० | असी लाख मात्र | |
| | | | |

३. आ.ब. २०७९/०८० मा प्रधानमन्त्रि रोजगार कार्यक्रमबाट संचालन भई कार्य सम्पन्न भएका तपसिलका योजना तथा कार्यक्रमहरु अनुमोदन गर्ने निर्णय गरियो ।

भोटेकोशी गाउँपालिका
फुलपिङकट्टी, सिन्धुपाल्चोक
नेपाल

४. यस गाउँपालिकाको प्रशासकीय भवन कम्पाउण्डमा ढुङ्गा विछ्याउने कामको लागि प्राविधिक शाखाबाट तयार भएको लगत स्टिमेट बमोजिमको रकम प्रशासकीय भवन निर्माण क्रमागतबाट रु २७ लाख र प्रशासकीय भवन शेयरवाल निर्माबाट रु ३ लाख गरी जम्मा रु ३० लाख विनियोजन गरी पेश्कि अनुमोदन गर्ने निर्णय गरियो ।

५. विपद पूर्व तयारी तथा प्रतिकार्य योजना २०८० र पूर्व अनुमानमा आधारित विपद पूर्व तयारी तथा अग्रिम प्रतिकार्य कार्यविधि २०८० अनुमोदन गर्ने निर्णय गरियो ।

६. विविध

१) यस भोटेकोशी गाउँपालिकाको ११ औ गाउँसभाबाट स्वीकृत वडा नं ५ को गणेश मन्दिर निर्माणमा विनियोजन भएको रु १ लाख ५० हजारको योजना परिवर्तन गरी वडा नं ५ को वडा कार्यालय भल व्यवस्थापनको लागि सिलिलि पहिरो रोकथाम कायम गरी योजना संचालन गर्ने तथा सो परिवर्तित योजनालाई गाउँ सभाबाट अनुमोदन गर्ने निर्णय गरियो ।

२) वडा नं ४ को तार्तुङ सामाजिक भवनमा विनियोजित रु २ लाखको योजना परिवर्तन गरी नारायणथान माथिल्लो टोल सडक सोलिङ्ग मेसनरी वाल निर्माण कायम गरी योजना संचालन गर्ने र सो परिवर्तित योजनालाई गाउँसभाबाट अनुमोदन गर्ने निर्णय गरियो ।

३) यसै गाउँपालिकाको वडा नं २ मा घट्टेखोला फलामे फडके पुल बनाउन विपद व्यवस्थापन कोषबाट रु ४ लाख विनियोजन गर्ने निर्णय गरियो ।

४) आ.ब. २०८०/०८१ मा वडा कार्यालय संचालनको लागि प्रत्येक वडालाई चालु खर्च रु ७ लाख दिने निर्णय गरियो ।

५) लक्षित वर्गको लागि विनियोजित रु २५ लाख तपसिल बमोजिम विनियोजन तथा अनुमोदन गर्ने निर्णय गरियो ।

१) भैरव कुण्ड आमा समुह वडा नं १- रु १ लाख ५० हजार
२) शेर्पा समुदाय वडा नं ५- रु ५ लाख
३) थामी समुदाय रु- ५ लाख
४) नेवार समुदाय - रु ४ लाख ५० हजार
५) दलित समुदाय - रु ७ लाख

साथै समभोटा लोप्टा लिपि आमा समुह वडा नं ५ ले अध्ययन अवलोकन भ्रमण वापत खर्च गरेको र गाउँपालिकाले भुक्तानी दिएको रकम रु २ लाख अनुमोदन गर्ने निर्णय गरियो ।

६) भोटेकोशी गाउँपालिकाको गत तथा चालु आ.ब. मा डि.पि.आर सम्पन्न भएका तपसिल बमोजिमका झोलुङ्गे पुलहरुलाई आ.ब. २०८०/०८१ को झोलुङ्गेपुल क्षेत्रगत कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

तपसिल :

१) ओमाचे खोला ट्रस पुल, भोटेकोशी गाउपालिका - १
२) छुन्जे खोला झोलुङ्गे पुल, भोटेकोशी गाउपालिका - १
३) घट्टेखोला तल झोलुङ्गे पुल, भोटेकोशी गाउपालिका - १
४) टाँगा खर्कु झोलुङ्गे पुल, भोटेकोशी गाउपालिका - ३
५) जुरुम्बा खोला ट्रस पुल, भोटेकोशी गाउपालिका - ३
६) ओमाचे कात्तिके खोला झोलुङ्गे पुल, भोटेकोशी गाउपालिका — १

७) आगामि गाउँ कार्यपालिकाको बैठका मिति २०८० असार ७ गते विहान ८:०० बजे बस्ने निर्णय गरियो ।

(समाप्त)